अनुसूची-२

(दफा ४ तथा अनुसूची -१ को भाग-२ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-४, संख्या-११, मिति - २०७७/१२/२९**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

मोदी गाउँपालिका

## भूमि बैंक तथा बाझो जमिन उपयोग सम्बन्धी कार्यविधी,२०७७

**प्रस्तावनाः** विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरसको कारणले नेपाली जनजीवनमा ल्याएको प्रभाव बाट यस मोदी गाउँपालिका पनि अछुतो रहन सकेन । यो अवधिमा यस गाउँपालिकाका नागरिकहरुको कृषिप्रति देखिएको लगावलाई लक्षित गरि पालिकाभित्र रहेको बाझो जमिन उपयोग गर्दै ,कृषकहरुको मनोवल उच्च राख्दै बाझो जमिनको उपयोगलाई भूमि बैंक मार्फत व्यवस्थित र प्रभावकारी बनाउनको लागि स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ र मोदी गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन, २०७६ को दफा(४) बमोजिमको अधिकार प्रयोग गरि यो कार्यविधि तयार गरी जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **“भूमि बैंक तथा बाझो जमिन उपयोग सम्बन्धी कार्यविधी,२०७७”** रहनेछ।

२. (२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएपश्चात लागु हुनेछ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**१)”गाउँपालिका”** भन्नाले मोदी गाउँपालिकाबुझिनेछ।

२)**"कार्यालय"** भन्नाले गाउँ कार्यपालिकालाई बुझाउँछ। सो शब्दले वडा कार्यालयसमेतलाई बुझाउनेछ।

३)**"गाउँकार्यपालिका"** भन्नाले मोदी गाउँकार्यपालिकालाई बुझाउनेछ।

४)**"अध्यक्ष"** भन्नाले मोदी गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्छ।

५)**"जनप्रतिनिधि"** भन्नाले मोदी गाउँपालिकाका अध्यक्ष,उपाध्यक्ष,वडाध्यक्ष,कार्यापालिका सदस्य र सभाका सदस्यहरुलाई सम्झनु पर्छ।

६)**"भूमि बैंक तथा बाझो जमिन उपयोग"** भन्नाले पालिका भित्र रहेका खेतीयोग्य बाझो जमिन उपयोग गर्नको लागि गाउँपालिकाले संचालन गरेको कार्यक्रमलाई सम्झनु पर्छ ।

७)**"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मोदी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ।

८)**"कर्मचारी"**गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीलाई बुझाउनेछ।

**४.भूमी बैक सम्बन्धी व्यवस्था**

१) मोदी गाउँपालिका भित्रका विभिन्न वडाहरुमा रहेका खेतीयोग्य  बाझो जमिनको प्रयोग गर्न स्थानिय श्रमको व्यवस्थापन गर्दै परम्परागत खेति प्रणालीलाई आधुनिक खेती प्रणाली मार्फत व्यवसायिक खेती गर्ने उदेश्यले  बाजो जमिनको व्यवस्थापनको लागि स्थापना गरिएको भूमि बैंकलाई निम्नानुसार व्यवस्थित गरिनेछ।

२)गाउँपालिकाभित्र रहेका खेतीयोग्य तथा अन्य  बाझो जग्गा आफुले उपभोग नगरी खाली राखेका न्यूनतम ५ रोपनी जग्गा जग्गाधनीले अनिवार्य रुपमा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन सहित जग्गा भूमिबैकमा दिनसक्नेछन ।

३)उपदफा (२) बमोजिमको जग्गाहरु पालिकाको भूमि बैंकमा दर्ता हुनेछन।

४)बाझो राखिएको खेतीयोग्य जमिनको उपयोग नगर्ने जग्गाधनीले आफूले उपयोग गर्न नसक्ने भएमा  पालिकालाई कम्तिमा ५ वर्षको लागि भाडामा दिनुपर्नेछ । तर जग्गाको भाडा सो जग्गा अर्का व्यक्ती वा फर्मले भाडामा लिएपछि मात्र प्राप्त गर्नेछ ।

५)उपदफा (५) बमोजिम बाझो राखिएको खेतीयोग्य जमिनको उपयोग नगर्ने जग्गाधनीले गाउँपालिकासँग सम्झौता गरी आफ्नो नागरिकता र लालपुर्जाको फोटोकपी सहित गाउँपालिकामा पेश गर्नुपर्नेछ।

७)आफ्नो जग्गा नभएका/प्रयाप्त नभएका पालिकाका नागरिकले व्यवसायिक रुपमा कम्तिमा २ वर्ष सम्मको लागि कृषि तथा पशुपालन सम्बन्धि कार्य गर्न इच्छुक भएमा

गाउँपालिकाको भूमि बैंकमा दर्ता भएको जग्गा,जग्गाको प्रकृति र उपयुक्तता अनुसार गाउँपालिकासँग सम्झौता गरी उपभोग गर्न सक्नेछन।

८) उपदफा (७) बमोजिम कम्तिमा २ वर्ष सम्मको लागि कृषि तथा पशुपालन सम्बन्धि कार्य गर्न इच्छुक कृषकले गाउँपालिकासँग आपसी सहमतिमा निश्चित रकममा सम्झौता गरेपछि उक्त रकमको ७०% जग्गाधनीले र ३०% गाउँपालिकाले व्यवस्थापन खर्च गर्नेछ ।

**५. बाझो जमिन उपयोगः**

१)विगत २ वर्ष देखि बाझो राखिएको खेतीयोग्य जमिनको उपयोग गरी, कम्तीमा ३ रोपनीमा कृषि खेती गर्न चाहने कृषकलाई ३ रोपनीको रु. ५००० का दरले र त्यसपछिको प्रति रोपनी को लागी रु. ५०० को दरले पालिका मार्फत अनुदानउपलब्ध गराईनेछ।

२)उपदफा (१) बमोजिम विगत २ वर्ष देखि उक्त जमिन बाझो राखिएको हो वा होइन भनि प्रमाणित गर्नको लागि बाझो जमिनभएको जग्गाधनीले बाझो जमिनको ४ किल्लाको सधियार मुचुल्का,वार्ड समितिको निर्णय सहितको सिफारिस, व्यक्तिगत निवेदन ,लालपुर्जा र नागिरकताको फोटोकपी पालिकामा पेश गर्नुपर्नेछ।

३)उपदफा (१) बमोजिमको खेतीयोग्य जमिनमा अनिवार्य कृषि उपजहरुको उत्पादन ,बेमौषमी तरकारी र नगदे बाली उत्पादन गर्नुपर्नेछ भने अन्य बाझो जमिनमा फलफूलका विरुवा तथा पशुपालन सम्बन्धिका कार्यहरु गर्नुपर्नेछ

**५.बजेट/श्रोतको व्यवस्थाः**

(१)भूमि बैंकमा रहेका जग्गाहरु भाडामा लिन दिनको लागि आवश्यक रकमको व्यवस्था गाउँपालिकाले मिलाउनु पर्नेछ।

२)गाउँपालिकाले भूमि बैंक सम्बन्धि कार्य गर्दा खर्च हुने रकम पालिकाको भूमि बैंकमा छुट्टाएको रकमबाट गर्नेछ ।

३)यसरी खर्च गरिएको रकमको हिसाब गाउँपालिकाले बेग्लै राख्नु पर्नेछ र सो को विवरण प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४)कृषि ज्ञान केन्द्र,पर्वतसँग समेत समन्वय गरी कृषि ज्ञान केन्द्र र गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ।

**६)अन्य/विविधः**

(१) यस कार्यविधिको कार्यान्वयन गर्दा केही दुविधा पर्न गएमा गाउँपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

२)यस कार्यविधिमा गाउँ कार्यपालिकाले समय-समयमा आवश्यक हेरफेर गर्नसक्नेछ।

**अनुसूची १**

**दफा ३(२) संग सम्बन्धित**

**(बाझो जग्गा भूमि बैंकमा दर्ताको लागि निवेदनको ढाँचा)**

जग्गाधनीको नाम थरः.......................................................................................................................................

ठेगानाः मोदी गाउँपालिका वाड नं ............., टोल................................... सम्पर्क नं.........................................

कित्ता नं ................. क्षेत्रफल .................................. जग्गाको किसिम ..........................................................

जग्गा रहेको स्थानको ठेगानाः मोदी गाउँपालिका वाड नं ................, टोल/स्थान.................................................

**१.जग्गाको विवरण**

क. जमिनको बनोट ( सम्मो,भिरालो,ढुङ्ग्यान भएको,झाडी भएको,ठुलठला रुख भएको,जंगलमा भएको)

ख. सिंचाईको व्यवस्था भए/नभएको –

ग. नजिकै पानीको श्रोत भए/नभएको –

घ. पानीको श्रोत भए कति मिटर टाढा रहेको छ –

ङ. माटो कस्तो प्रकारको छ ( रातो,बलौटो, ढुङ्गागिटी मिसिएको,कालो ) –

च. भिरालो/सम्मो बारी/ खेत छ भने कति वटा छ, संख्या उल्लेख गर्ने –

छ. खेतका गराहरु छन भने कति वटा छन –

ज. पारिलो तथा ओसिलो कस्तो प्रकारको छ उल्लेख गर्ने –

२. भाडामा दिन चाहेको अवधि ( कम्तिमा .......... वर्ष) –

३. जग्गा सम्बन्धि अन्य कुराहरु भए खुलाउने –

४. आफ्नो मुख्य व्यवसाय ................................. वैदेशिक रोजगारमा गएको संख्या ......................

५. नेपालमा रोजगारी प्राप्त गरेको संख्या ................. बेरोजगार संख्या ......................................

६. बाझो जग्गा आफैले प्रयोग गर्न नसक्नुको कारण ........................................................................................ ........................................................................................................................ ..........................................

**संलग्न गर्नुपर्ने कागजत**

क. जग्गाधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख. जग्गाधनीको प्रमाण पुर्जाको प्रतिलिपि

ग. जग्गाको नक्सा

मितिः२०७७/............./................

निवेदकको हस्ताक्षर

**प्रमाणीकरण मिति : २०७७/१२/२९**

**आज्ञाले,**
**किसान बहादुर क्षेत्री**
**प्रमुख प्रशासकीय अधिकृत**